# स्थानीय तहमा नागरिक संलग्नता

# नागरिक बडापत्र

Centre for Social Change

सामाजिक परिवर्तन केन्द्र

## नागरिक संलग्नता

नागरिक संलग्नता नागरिक र सरकारबीच हुने दोहोरो सहभागितामूलक अन्तरक्रियात्मक प्रक्रिया हो । उपयुक्त समयमा नै सही सूचना जानकारी दिएर, विभिन्न तहका सरकार र निकायहरूका कामको प्रक्रियामा नागरिकको सल्लाह, सुझावको उपयुक्त सुनुवाई र त्यस्ता सुझाव सल्लाहलाई सरकारका काममा इमानदारीपूर्वक समावेश गरी नागरिकका साझा सवालमा उनीहरूकै संलग्नतामा योजना निर्माण, कार्यान्वयन, बजेटको प्राथमिकता निर्धारण र विनियोजन तथा त्यसको अनुगमन मूल्याङ्कनको अभ्यास सरकारले गर्नुपर्दछ । नागरिक आफै पनि विभिन्न प्रक्रिया मार्फत सरकारको काममा संलग्न हुनुपर्दछ । नागरिक संलग्नताले सरकारलाई जवाफदेही र नागरिकलाई जिम्मेवार हुन सहयोग पुग्दछ ।

परम्परागत किसिमको एकतर्फी सूचना प्रवाह र सल्लाह सुझाव भन्दा पनि दोहोरो र अन्तरक्रियात्मक प्रक्रिया नागरिक संलग्नताको मर्म हो । सरकारका निकायहरू र नागरिकबीच सेवा प्रदायक र सेवाग्राहीका रूपमा मात्र सम्बन्ध नभई साझेदार र जिम्मेवारपूर्ण सम्बन्ध हुनुपर्दछ ।

नागरिक संलग्नताले नागरिकको विचार र भावनाको सम्मान, अर्थपूर्ण सहभागिता, विचार, सोच र योजनाहरूको आदानप्रदान तथा कार्यान्वयनका साथसाथै उपलब्धिहरूको सहभागीमूलक रूपमा संस्थागत गर्ने प्रक्रियालाई प्रोत्साहन गर्दछ । नागरिक संलग्नताले नागरिक र सरकारबीच संवाद र समन्वयका साथै दोहोरो विश्वासको विकास हुन सहयोग पुग्दछ ।

## संलग्नताका चरण

- **Inform** सूचित गर्नु
- **Consult** सल्लाह गर्नु
- **Involve** संग्लन गर्नु
- **Collaborate** साझेदार बनाउनु
- **Empower** सशक्तीकरण गर्नु



## संलग्नताका माध्यम

| कार्य | माध्यम |
|---|---|
| सूचित गर्नु<br><br>*(सम्बन्धित निकायले सेवा ग्राहीलाई जानकारी मात्र दिने गर्छ । मुख्य गरी यो एक तर्फी हुन्छ ।)* | विभिन्न संचार माध्यम (रेडियो, टिभी, पत्रपत्रिका, अनलाइन, सोसल मिडिया), नागरिक बडापत्र, वेभसाइट, मोबाइल एप, सूचना पाटी, स्वतः प्रकाशन गर्नुपर्ने विवरण |
| सल्लाह लिनु/दिनु<br><br>*(सम्बन्धित निकायले सेवाग्राहीसँग सल्लाह सुझाव समेत लिने दिने गर्छ ।* | सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, गुनासो सुनुवाइ, गुनासो तथा सुझाव पेटिका, नागरिक अभिमत पत्र, सेवाग्राही बहिर्गमन सुझाव, सात तहको योजना निर्माण प्रक्रिया अन्तरत बस्ती/टोल भेला |
| संग्लन गर्नु<br><br>*(सेवाग्राहीलाई समेत संग्लन गराई परामर्शमा निर्णय गरी कार्यान्वयन गरिन्छ।)* | उपभोक्ता समूह, बाल क्लब तथा सञ्जाल<br>(बालमैत्री स्थानीय शासन) |
| साझेदार बनाउनु<br><br>*(योजना तर्जुमा भएका उपलब्धिहरूको जाँच्ने सम्मको प्रक्रियामा नागरिक सँगसँगै सम्बन्धित निकायले काम गर्छ ।)* | टोल विकास संस्था, व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समिति/समूह |
| सशक्तीकरण गर्नु<br><br>*(नागरिकलाई उनीहरूसँग सम्बन्धित सवालहरूको पहिचान, छनौट, योजना कार्यान्वयन र सहभागितात्मक अनुगमन मूल्यांकन प्रक्रियामा नेतृत्वदायी भूमिकाको लागि तयार गर्ने )* | सहभागितात्मक योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रिया, सेवाहरूको अनुगमन, नीति निर्माण र कार्यान्वयन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र सुझावहरूको कार्यान्वयन |

## सङ्घीय शासन प्रणालीमा नागरिक संलग्नता

सङ्घीय शासन प्रणाली विकेन्द्रीकरणको एउटा प्रभावकारी स्वरूप हो । केन्द्रमा भएको अधिकार दुई वा दुई भन्दा बढी तहको सरकार (नेपालमा प्रदेश र स्थानीय तह) मा प्रत्यायोजन गरी जनतालाई अधिकार सम्पन्न गराउन, विकास र जनताका काम प्रभावकारी रूपमा छिटोछरितो गर्न तथा सुशासनको प्रत्याभूति सुनिश्चित गराउन सङ्घीयता प्रभावकारी हुन्छ । केन्द्रीकृत शासकीय प्रणालीलाई स्पष्ट अधिकारसहित विकेन्द्रित, संविधान र सम्बन्धित कानुनद्वारा नै अधिकारको प्रत्यायोजन गरी देशको शासन सञ्चालन प्रक्रियामा नागरिकको संलग्नता तथा अधिकार सम्पन्न गराउन विकेन्द्रीकरणको आवश्यकता पर्दछ । विभिन्न तहको सरकार र शासन प्रक्रियामा समावेशी तथा सामाजिक न्यायमा आधारित नागरिक सहभागिता तथा नेतृत्वमा सङ्घीय व्यवस्थाको अभ्यासले सहयोग पुग्दछ । नागरिकको संलग्नताले सहभागितात्मक शासन प्रक्रिया सुनिश्चित गर्दछ । कल्याणकारी शासन व्यवस्थामा नागरिकको सुसूचित, अर्थपूर्ण र सम्मानित संलग्नता सुनिश्चित गरिन्छ । सरकारको गठन, सञ्चालन र नीति निर्माण तथा त्यस्ता नीतिहरूको कार्यान्वयन, बजेटको प्राथमिकता निर्धारण र विनियोजन तथा सो अनुसार भए नभएको जाँच्ने काममा नागरिकको प्रत्यक्ष र प्रभावकारी सहभागिता नीतिगत रूपमा सुनिश्चित भई अभ्यासमा हुनु नागरिकलाई अधिकार सम्पन्न गराउने प्रक्रिया हो । जनताको सहभागिता वा संलग्नता विना कुनै पनि सरकार, शासन वा हामीले अहिले अवलम्बन गरिरहेको सङ्घीय शासन व्यवस्था सफल हुँदैन ।

## नागरिक संलग्नता बडापत्र

संलग्नताको अर्थ सहभागी हुनु मात्र नभई सुसूचित, सक्रिय र अर्थपूर्ण सहभागितालाई जनाउँछ। सरकारका हरेक कामकाज र त्यसका प्रक्रियामा जनता सुसूचित भई सक्रिय र अर्थपूर्ण सहभागी हुनुलाई नागरिक संलग्नता मानिन्छ। सरकारका गतिविधिमा नागरिकको भौतिक रूपमा उपस्थिति हुनुलाई मात्र संलग्नता मानिँदैन। कुनै पनि काममा को उपस्थित भयो भन्ने आधारमा मात्र नागरिक संलग्नता हुनसक्दैन। गुणात्मक सहभागिता हुनु आवश्यक हुन्छ।

सरकारले लगाएको कर, शुल्क, दस्तुर सहज रूपमा र समयमा नै तिर्नु, झारा टन्टा तिर्नु, जनश्रमदान गर्नु, योजना छनौट र कार्यान्वयन कार्यमा संलग्न हुनु, नीति निर्माण कार्यमा सहभागी भई राय सुझाव दिनु, सरकारद्वारा निर्माण गरिएका ऐन कानुन नीति नियमको सहज रूपमा पालना गर्नु, जिम्मेवार नागरिकका रूपमा परिवार, समाज र राष्ट्रप्रति वफादार हुनु पनि नागरिकको संलग्नता मानिन्छ। तर राज्य वा समाजको तर्फबाट करकाप र बाध्यात्मक रूपमा जबरजस्ती रूपमा स्वीकार्न लगाउनु संलग्नता मान्न सकिँदैन। त्यसैले कुनै पनि विषय, सवाल वा योजनाको छनौट, तयारी, नीति निर्माण, बजेटको प्राथमिकता निर्धारण र विनियोजन, कार्यान्वयन र त्यसको लाभ लिने वा संस्थागत गर्ने प्रक्रियामा नागरिकको सुसूचित, सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्दछ। नागरिक संलग्नता नतिजा मात्र होइन, यो त प्रक्रिया पनि हो।

उदाहरणको लागि स्थानीय सरकारले लगाउने करहरूको दर रेट वा शुल्क निर्धारण तयारीमा नागरिकको सहभागिता हुनु, त्यस्तो कर किन बढी वा घटी वा निरन्तरता हुँदैछ नागरिकले निर्णय पूर्व नै जान्न पाउनु, सो करबाट नागरिकले कसरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभान्वित हुन्छन् भनेर उनीहरूकै तह अनुसार उपयुक्त माध्यमबाट जान्न बुझ्न पाउनुले नागरिकमा सरकार र सम्बन्धित निकायहरूको निर्णय सहजै स्वीकार र अपनत्व हुन्छ। निर्णयको प्रभावकारी कार्यान्वयन वा अपेक्षा गरिएको करको सङ्कलन मात्र होइन यो त नागरिक संलग्नताको अभ्यास पनि हो। सरकारका कुन कुन गतिविधि र क्रियाकलापमा नागरिकको कुन कुन समय र तहमा कसरी सहभागिता सुनिश्चित गर्ने, कसको जिम्मेवारी के हुने भनेर व्यवस्थित रूपमा तयार पारिएको योजनाबद्ध कार्यक्रमलाई नागरिक संलग्नता बडापत्र भनिन्छ।

नागरिक संलग्नता बडापत्रले स्थानीय शासन प्रणालीमा नागरिक संलग्नता सुनिश्चित गर्न लागु गरिएका दृष्टिकोण तथा रणनीतिहरूको कार्यदिशा रेखाङ्कन गर्दछ। यसको निर्माण समुदायमा आधारित संस्था तथा समूहहरू, नागरिक समाज, संचार समूह, स्थानीय तहका अधिकारीहरू, जनप्रतिनिधि, सामाजिक, सांस्कृतिक तथा राजनीतिक प्रतिनिधि तथा अन्य बुद्धिजीवी र बहुसरोकारवालाहरूको नियमित र सक्रिय संलग्नता तथा परामर्शबाट हुन्छ। यसका अतिरिक्त स्थानीय तहहरूको काम कारवाहीमा नागरिक संलग्नताको अवस्थाबारे अनुभव, विचार, सुझाव र सल्लाह संकलन गर्न विभिन्न तह र तप्कामा सार्वजनिक परामर्श कार्यक्रमहरू समेत आयोजना गरिनु पर्दछ।

## स्थानीय सरकारमा नागरिक संलग्नता

सामान्यतया नागरिक र सरकारको भेटघाट र अन्तरक्रिया सेवाग्राही र सेवा प्रदायकको भूमिकाका रूपमा मात्र भएको देखिन्छ । नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा सबै नागरिकहरूलाई कानुन, नीति निर्णय, बजेटको प्राथमिकता निर्धारण र विनियोजन तथा योजनाको निर्माण प्रक्रिया, कार्यान्वयन र त्यस्तो जाँच्ने काममा नागरिकको सहभागी गराउनु पर्छ भनी व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ (२क) मा योजना तर्जुमा तथा कार्यान्वयन, दफा ६५ मा राजश्व परामर्श समिति र दफा १०२ मास्थानीय कानुन बनाएर सरकारको नीति तथा कार्यक्रममा नागरिकको सहभागिता गराउनुपर्ने व्यवस्था छ ।




नागरिकहरूसँग सम्बन्धित विषय, साझा सवाल र सरोकारको विषयमा स्थानीय कानुन, नीति, निर्णय र योजना निर्माणमा नागरिकको प्रत्यक्ष संलग्नता होस भन्ने संविधान र कानुनको मनसाय रहेको छ । सरकारले गरेका वा गर्ने हरेक काम तथा गतिविधिहरूमा नागरिकको साझेदारका रूपमा भूमिका हुनुपर्दछ । नागरिकले सहभागितात्मक अनुगमन, निगरानी र आवश्यकता अनुसार खबरदारी पनि गर्नुपर्दछ ।

## स्थानीय सरकारमा नागरिक संलग्नताका आधारहरू

१. स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र शासन प्रक्रियाप्रति नागरिकको आशा, विश्वास र भरोसा भएमा ।

२. स्थानीय तहको स्रोत, साधन र नागरिकले तिरेको कर नागरिककै विकासको लागि खर्च भएको छ भन्ने कुरामा विश्वस्त भएमा ।

३. सरकारबाट नागरिकको अधिकार, शान्ति, सुरक्षा र लगानी सुरक्षाको सुनिश्चित भएमा ।

४. सरकारको कामको पारदर्शिता, निष्पक्षता र जबाफदेहिता भएमा ।

५. नागरिकमा सुशासन, मानवअधिकार, सामाजिक न्याय, सामाजिक सुरक्षा र सम्मानको अनुभूति भएमा ।

६. नागरिकको प्राथमिकता, आवश्यकता, चाहना र विकासको उचित सम्बोधन भइरहेको छ र हुन्छ भन्ने लागेमा ।

## स्थानीय तहमा नागरिक संलग्नताका लागि नागरिक सङ्गठनको भूमिका र जिम्मेवारी

१. नागरिकको सामाजिक, आर्थिक लगायत समग्र विकासको लागि सुसूचित, उत्प्रेरित र सङ्गठित गर्ने,

२. नागरिकको हक अधिकार स्थापित गर्न तथा विकासको प्रक्रियालाई समावेशी बनाई विकासको लाभ सबै तह र पृष्ठभूमि (सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक आदि) का नागरिकसम्म पुग्ने वातावरणका लागि आवश्यक सहयोग र सहजीकरण गर्ने ।

३. नेपालको अन्तरराष्ट्रिय प्रतिबद्धता, संवैधानिक तथा कानुनी व्यवस्था अनुसारको नागरिकको हक अधिकारको कार्यान्वयन र प्रवर्द्धन गर्न क्रियाशील रहने,

४. नागरिक शिक्षा मार्फत जिम्मेवार र कर्तव्यनिष्ठ नागरिक निर्माणमा योगदान पुर्‍याउने,

५. सरकारका सकारात्मक कार्यहरूमा आर्थिक तथा प्राविधिक सहयोग, समन्वय र साझेदारी तथा आवश्यक सुधारका लागि रचनात्मक सुझाव र सल्लाह उपलब्ध गराउने,

६. विकास र शासन प्रक्रियामा नागरिकहरूको संलग्नता बढाउन आवश्यक सोचको विकास, सहयोग र सहजीकरण गर्ने,

७. नागरिकको हितमा सरकारलाई जिम्मेवार बनाई कल्याणकारी राज्यको निर्माण तथा नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राज्य प्रणाली निर्माणमा योगदान पुर्‍याउने,

८. सरकार र सम्बन्धित निकायहरूको काममा नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चितताका लागि आवश्यक सहयोग, पहरेदारी र खबरदारी गर्ने,

९. सरकारका नीति, निर्णय, बजेटको प्राथमिकता निर्धारण र विनियोजन तथा कार्यान्वयनले नागरिकमा पर्ने प्रत्यक्ष लाभको विश्लेषण गरी आवश्यकता र प्राथमिकतामा आधारित नीति, योजना र कार्यक्रमको निर्माणमा नागरिकको सोच, भावना र आवाजको सम्बोधन गर्न गराउन प्रयासरत रहने,

१०. विकासको समानुपातिक वितरण, उच्चतम लाभ र अर्थपूर्ण सहभागिताका लागि आवश्यक सहयोग, सुझाव, सल्लाह र दबाब दिने,

११. नागरिक र सरकारको बीचमा पुलको रूपमा सम्बन्ध जोड्ने काम गरी नागरिकका साझा सवाल सरकारसम्म पुर्‍याई त्यस्ता सवालहरूको सम्बोधनका लागि प्रयासरत रहने,

१२. सरकारलाई जनउत्तरदायी बनाउन र सरकारका क्रियाकलापमा नागरिकको संलग्नता सुनिश्चित गर्न सूचना सम्प्रेषण, संवाद, नीति विश्लेषण, सहभागितात्मक अनुगमन, Generate Evidence र पैरवी गर्ने,

## नागरिक संलग्नतका लागि स्थानीय तहको भूमिका र जिम्मेवारी

१. स्थानीय सरकार तथा सम्बन्धित निकायहरूको गतिविधिमा नागरिकको संलग्नता र सहभागिताको वातावरण तयार गर्न आवश्यक नीति, निर्णय, योजना र बजेटको व्यवस्था सुनिश्चित गर्ने,

२. स्थानीय तहको सहभागितात्मक योजना निर्माण प्रक्रियामा सबै घरधुरी र समावेशी सहभागिता सुनिश्चित गर्ने,

३. योजना निर्माण, कार्यान्वयन र त्यसको लाभ वितरण प्रक्रियामा "कोही पनि नछुटुन्" भन्ने दिगो विकासको लक्ष्यको मूल मर्मलाई आत्मसात् गरी सबैको समावेशी सहभागिता सुनिश्चित गर्ने गराउने,

४. टोल विकास संस्था तथा समुदायमा आधारित नागरिक सङ्गठनहरूको अभ्यासलाई प्रभावकारी बनाई समुदायमा नागरिकको संलग्नता, सहकार्यता र नेतृत्वमा विकास र समाज रूपान्तरणको काम गर्ने गराउने,

५. स्थानीय तहमा संचालन हुने योजनाहरूमा उपभोक्ता समितिको प्रक्रियागत गठन, समावेशी र प्रभावकारी संलग्नता तथा जिम्मेवारपूर्ण सामूहिक नेतृत्वको प्रवर्द्धन गर्ने,

६. विद्यालय व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समिति, सहकारी, सामाजिक सांस्कृतिक समूह जस्ता नागरिकको प्रभावकारी सहभागिता र नेतृत्व समेतको विकास हुने संरचनाहरूको संस्थागत सबलीकरण र दिगोपनमा आवश्यक सहयोग र सहजीकरण गर्ने,

७. विपद्, महामारी वा विशेष अवस्थामा नागरिकले स्वतःस्फूर्त रूपमा मानवीय कार्यमा सहभागी हुन सक्ने वातावरणका लागि आवश्यक नीति, बजेट तथा सहभागितात्मक संयन्त्रको विकास गर्ने,

८. स्थानीय तह तथा अन्य विभिन्न क्षेत्रहरूमा नागरिक संलग्नतालाई सम्मानित, उत्साहवर्द्धक र लाभदायी बनाउन आवश्यक सहयोग र सहजीकरण गर्न नागरिक सङ्गठनहरूसँग समेत सहकार्य गर्ने,

९. स्थानीय तह र यससँग सम्बन्धित कुनै पनि कार्यमा नागरिकको संलग्नता कुनै पनि प्रकारको दबाबमा नहुने सुनिश्चित गर्ने । साथै नागरिकको स्वतःस्फूर्त योगदान र संलग्नतामा खुसी र उत्प्रेरित गर्न आवश्यक आधारहरू तयार गरी कार्यान्वयन गर्ने गराउने,

१०. नागरिकहरू सरकार र सम्बन्धित निकायहरूको सेवा, काम तथा व्यवहारप्रति सन्तुष्ट भए नभएको नियमित सहभागितात्मकरूपमा जाँच्ने र प्राप्त सुझावहरूको आधारमा आवश्यक सुधार गर्ने विश्वासिलो माध्यमको सुनिश्चित गर्ने,

११. नागरिकहरूको सुझाव, सल्लाह र प्रश्नलाई सम्बोधन गरी नागरिकमा सरकारप्रतिको अपनत्वको विकास गर्न र जिम्मेवारपूर्ण शासन प्रक्रियाको लागि नागरिक अनुगमन संयन्त्रको प्रवर्द्धन गर्ने,

१२. सार्वजनिक जबाफदेहीताका विधिहरूको सहभागितात्मक अभ्यासलाई नियमितरूपमा व्यवहारमा प्रयोग गरी स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्ने गराउने ।

## नागरिक संलग्नता प्रवर्द्धनमा मिडियाको भूमिका र जिम्मेवारी

१. सहभागितामूलक र प्रभावकारी नागरिक संलग्नताका लागि सूचना प्रवाह गर्ने,

२. नागरिक संलग्नतासँग सम्बन्धित असल अभ्यासहरूको प्रवर्द्धन गर्ने,

३. नागरिक संलग्नतामा देखिएका समस्या तथा सुधारका क्षेत्रहरूमा नियमित प्रश्न उठाउने र खबरदारी गर्ने,

४. नागरिक अधिकारको प्रवर्द्धन, सामाजिक न्याय, समावेशी संलग्नता र जिम्मेवार नागरिक निर्माणका लागि नियमित सूचना प्रवाह तथा नागरिकहरूलाई सशक्तीकरण गर्न योगदान पुर्‍याउने,

५. सरकार, सम्बन्धित निकायहरू र शासन प्रक्रियालाई जबाफदेही, पारदर्शी र लोकतन्त्रको मूल्यमान्यतामा आधारित बनाउन जिम्मेवार पहरेदारका रूपमा सक्रिय रहने,

६. नागरिकका सरोकारका विषयहरूमा नागरिक र स्थानीय सरकार बीच प्रभावकारी र समाधानमुखी अन्तरक्रियाका लागि सहजीकरण गर्ने ।

## निष्कर्ष

सङ्घीय शासन प्रणाली विकेन्द्रीकरणको एउटा व्यवस्थित ढाँचा हो । नेपालमा लामो सङ्घर्षबाट निर्माण गरेको संविधान बमोजिम सङ्घीय व्यवस्था कार्यान्वयन भइरहेको छ । यो व्यवस्था हाम्रो लागि नौलो अभ्यास हो यद्यपि संविधानको निर्माणपछिको तीनै तहको पहिलो निर्वाचित सरकारहरूले आफ्नो कार्यकाल पूरा गर्दै छन् । यो छोटो समयमा थुप्रै सिकाइहरू र असल अभ्यासहरू पनि भएका छन् । सङ्घीय लोकतान्त्रिक व्यवस्थामा नागरिक शक्तिसम्पन्न हुन्छन् । नागरिकलाई केन्द्रमा राखेर राज्यका नीति, निर्णय, बजेट प्राथमिकता निर्धारण र विनियोजन र क्रियाकलाप सञ्चालन हुनुपर्दछ । नागरिकको संलग्नता र सहभागिता बिनाको राज्यको कुनै पनि काम लोकतान्त्रिक हुँदैन । स्थानीय तहका हरेक कार्यमा नागरिकको संलग्नता अपरिहार्य छ । उपभोक्ता समिति वा टोल विकास संस्थामा मात्र होइन । जनप्रतिनिधि जनता वा नागरिकका प्रतिनिधि हुन् । उनीहरूले आफै गर्ने होइनन् । नागरिकको भावना, विचार र योजनाको उनीहरूसँगै तयारी, कार्यान्वयन र जाँच्ने काम गर्नका लागि समन्वय, सहजीकरण र नेतृत्व गर्ने हुन् । स्थानीय तहमा नागरिकको संलग्नता बढाउन सरकार, नागरिक समाज, सचेत नागरिक, मिडिया, र समुदायमा रहेका विभिन्न संघ संस्थाहरूको महत्वपूर्ण भूमिका हुन्छ । नयाँ व्यवस्था र नेपालमा पहिलो अभ्यास भएकोले नागरिक संलग्नतामा सङ्घीयताको अभ्यासलाई सफल बनाउनु नागरिक र सबै सरोकारवालाहरूको सामाजिक दायित्व पनि हुन्छ ।

# नागरिक संलग्नताका तरिकाहरू

| कहाँ | कहिले | कसरी | संलग्न हुन सक्ने | कानुनी आधार |
|---|---|---|---|---|
| - **योजना तर्जुमा** | - जेठ १५ गतेभित्र | - आफ्नो टोल वस्तीका योजनाहरू | - स्थानीय नागरिक<br>- सरोकारवाला | - स्थानीय सरकार संचालन ऐन २०७४ |
| - **टोल विकास संस्था** | - | - | - | - टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ |
| - **योजना कार्यान्वयन** | - | - ७ देखि ११ जनाको उपभोक्ता समिति गठन जसमा ३३ प्रतिशत महिला हुनुपर्ने र अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तिमा एप जना महिला हुनुपर्ने । | - | - |
| - **अनुगमन तथा मूल्याकंन** | - | - | - | - |
| - **वार्षिक बजेट निर्माण** | - | - | - | - |
| - **सार्वजनिक सुनुवाई** | - प्रत्येक चौमासिकमा प्रत्येक वडाहरूमा गर्ने | - | - | - स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७<br>- सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ |
| - **सार्वजनिक परीक्षण** | - आयोजना तथा कार्यक्रम संचालन पूर्व, कार्यान्वयनको अवधिमा र कार्य सम्पन्न | - | - कार्यक्रम कार्यान्वयन कर्ता निकाय, उपभोक्ता समूह, निर्माण व्यवसायी, संघ, | - स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि, २०६७<br>- सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ |

| कहाँ | कहिले | कसरी | संलग्न हुन सक्ने | कानुनी आधार |
|---|---|---|---|---|
| | भएको ३० दिन भित्र (अन्तिम निकाशा लिनुअघि) | | संस्था, सरोकारवाला, नागरिक समाज | |
| - **सामाजिक परीक्षण** | - पहिलो चौमासिक | - | - | - स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७<br>- सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ |
| - **गुनासो/सुझाव पेटिका** | - | - | - | - गुनासो व्यवस्थापन कार्यविधि, २०७४<br>- गुनासो सुनुवाई कार्यविधि, २०७३ |
| - **कानुन तथा नीति निर्माण** | - | - नीति सम्बन्धी छलफल, बहस, सुझाब संकलन | - | - स्थानीय सरकार संचालन ऐन २०७४ |
| - **नागरिक बडापत्र** | - | - सेवा प्रदायक संस्थाले आफूले दिने सम्पूर्ण सेवाको जानकारी कार्यालयको प्राङ्गनमा सबैले देख्ने गरि राख्ने । | - **सेवा प्रदायक** | - सुशासन सम्बन्धी ऐन, २०६४ ले प्रत्येक सरकारी निकायले आफूले प्रदान गर्ने सेवाको नागरिक बडापत्र अनिवार्यरूपमा जारी गर्नु पर्ने व्यबस्था गरेको छ । |
| - **२० प्रकारका स्वतः प्रकाशन गरिने सूचना** | - ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र र त्यसपछि प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नु पर्ने | - | - सरकारी कर्मचारी | - सरकारी निकायले स्वतः प्रकाशन (Pro-active Disclosure) गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका, २०७१ |

Centre for Social Change
सामाजिक परिवर्तन केन्द्र

**थप जानकारीको लागि**

सामाजिक परिवर्तन केन्द्र

काठमाडौं बागमती प्रदेश, नेपाल

contact@socialchange.org.np

www.socialchange.org.np